राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १६ औं वार्षिकोत्सव

वर्ष-१६ ।। अङ्क : २८८ ॥ २०८१ मंसिर २४ गते सोमबार (9th Dec 2024 Monday) | Pratidin National Daily | मूल्य-रु.५/-

ओलीलाई गृहजिल्ला आउन सुरक्षा चुनौती

झापा, मंसिर २३ । प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीविरुद्ध जनआक्रोश बढ्दो छ । अर्को ठूलो दल नेपाली कांग्रेसको समर्थनमा चौथो पटक 'शक्तिशाली' प्रधानमन्त्री बनेका ओलीलाई गृहजिल्ला र गृहनगरमै आउन सुरक्षा चुनौती देखियो । दुई दिने कार्यक्रम तालिका बनाएर आइतवार झापा आएका ओलीलाई विरोधीहरुले ठाउँ ठाउँमा कालो झन्डा देखाए । कोशी नाम खारेजीको माग गर्दै आन्दोलनरत पहिचानवादी, रवि लामिछानेको रिहाईको माग गर्दै आन्दोलनरत राष्ट्रिय स्वतन्त्र पार्टी र दुर्गा प्रसाईंको रिहाईको माग गर्दै आन्दोलनरत उनका समर्थक यतिबेला ओलीप्रति आक्रोशित छन् । गृहजिल्लाको भ्रमणमा आउँदासमेत उनलाई चन्द्रगढी विमानस्थलबाटै सुरक्षा निकाले कडा सुरक्षा दिनुपर्‍यो । ओलीको सुरक्षा थ्रेटलाई मध्यनजर गरी व्यापक सुरक्षाकर्मी परिचालन गरिएको थियो । प्रधानमन्त्रीको सुरक्षाका लागि सशस्त्र प्रहरी, नेपाल प्रहरी, ट्राफिक प्रहरी, नेपाली सेना, राष्ट्रिय अनुसन्धान गरी १३ सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको हो । प्रधानमन्त्री सवार भएर जाने सडकको चोक चोकमा सशस्त्र प्रहरी र नेपाल प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए ।

उनका अनुसार प्रधानमन्त्रीको कार्यक्रम स्थलहरूको पहिचान गरी सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाइएको थियो । प्रधानमन्त्रीको सुरक्षाका लागि कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरबाट थप जनशक्ति मगाइएको थियो ।

यसैबीच प्रधानमन्त्री ओलीलाई गृहनगर दमकमा कालो झन्डा देखाउने ११ जना पहिचानवादीलाई प्रहरीले पक्राउ गरेको छ । दमक नगरपालिका-३ मा डेढ अर्बभन्दा बढीको लागतमा बनेको भ्युटावर (बिजनेस कम्प्लेक्स) उद्घाटन गर्न जाँदै गर्दा आइतवार

❖ बाँकी तेस्रो पृष्ठमा

प्रधानमन्त्रीले गरे दमक भ्यू टावरको उद्घाटन

झापा(प्रस) । डेढ अर्बभन्दा बढीको लागतमा दमक नगरपालिका-३ मा निर्मित १८ तले भ्यू टावरको प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार उद्घाटन गरेका छन् । ओलीले दमक व्यापारिक कम्प्लेक्स आधुनिक विकासको नमुना भएको बताए । एक सय मिटर अग्लो १८ तले उक्त कम्प्लेक्सको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले यो सञ्चालनमा आएपछि रोजगारी सिर्जना हुने र यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग

पुग्नेमा विश्वास व्यक्त गरे।

विश्वका ठूला मुलुकमा पनि आर्थिक स्रोत र पहिचानका लागि यस्ता अग्ला भवन निर्माण भएको उदाहरण प्रस्तुत गर्दै उनले कम्प्लेक्स भएको क्षेत्रलाई आधुनिक सहर बनाउने घोषणा गरे। उनले आफूहरूले बलिदान गरेर ल्याएको लोकतान्त्रिक व्यवस्था मास्न नदिने उद्घोष गर्दै देश चलाउने विषय अरूलाई तथ्यहीन आरोप लगाएजस्तो नहुने उल्लेख गरेका छन्।

यो टावर ओलीकै निर्वाचन क्षेत्रमा पर्ने गृहनगर दमकमा निर्माण गरिएको हो । २०७६ सालमा ओलीले दोस्रो कार्यकालका क्रममा यस टावरको शिलान्यास गरेका थिए । तेस्रो कार्यकालको प्रधानमन्त्री भएकै समयमा उनले देशकै अग्लो भनिएको यो टावरको उद्घाटन गरेका हुन् ।

'दमक बिजनेस कम्प्लेक्स' नाम दिइएको यो भव्य संरचना

❖ बाँकी तेस्रो पृष्ठमा

मानवसेवा आश्रमलाई सहयोगै सहयोग

झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीले मेचीनगर नगरपालिका ४, आमडाँडीस्थित मानवसेवा आश्रमको जिल्ला कार्यालयको भवन उद्घाटन र मानवसेवा स्मारकको भवन शिलान्यास गरेका छन् ।

प्रधानमन्त्री ओली र प्रथम महिला राधिका शाक्यले सो उद्घाटन र शिलान्यास गरेका हुन् । कार्यक्रममा आश्रमका लागि दुई बिगाह पाँच कठ्ठा जग्गा दिने स्थानीय रामबहादुर प्रधान र परिवारलाई सम्मान गरिएको थियो ।प्रधानमन्त्री ओलीले सो आश्रमको भवन निर्माणका लागि आफ्नो एक महिनाको तलब र प्रथम महिला शाक्यले दुई महिनाको पेन्सन रकम दिने घोषणा गरेका छन् । प्रधानमन्त्री ओलीको घोषणापछि अन्य अतिथि र जनप्रतिनिधिले पनि सहयोगको घोषणा गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रधानमन्त्री ओलीले कार्यक्रममा सहयोग गर्न चाहनेले हात उठाउनु होला भन्दा मन्त्री, सांसद, मेयर, उपमेयरलगायत सर्वसाधारणले पनि सहयोग गर्ने बताएका थिए ।

प्रधानमन्त्री ओलीसँगै संघीय प्राधिकरणका अध्यक्ष, कोशी प्रदेशका मन्त्रीहरु, विराटनगर महानगरपालिकाका उपमेयर, उर्लाबारी र गौरादह नगरपालिकाका उपमेयर, गौरीगञ्ज गाउँपालिकाका उपाध्यक्षलगायतले एक महिनाको तलव सहयोग गर्ने भएका छन् ।

त्यस्तै प्रतिनिधि सभाका सांसद एलपी साँवा लिम्बूले २ महिनाको तलव सहयोग गर्ने भएका छन् । कोशी प्रदेशका पूर्व सांसद एवम् व्यवसायी श्रीप्रसाद मैनाली, एमाले नेता भिम खवास, नेकपा एमाले मेचीनगर कमिटीले जनही ५१ हजार सहयोग गर्ने घोषणा गरेका छन् ।

काँकरभिट्टास्थित सिटौला मनी चेञ्जरका सञ्चालक चन्द्रप्रसाद सिटौलाले १ लाख दिने घोषणा गरेका

❖ बाँकी तेस्रो पृष्ठमा

'भ्यु टावरको जस अपजस प्रधानमन्त्रीले लिनुपर्छ'

झापा(प्रस) । झापाको दमक नगरपालिकाका नगर प्रमुख राम थापाले दमक ३ मा बनेको भ्यु टावरको जस अपजस प्रधानमन्त्री केपी शर्मा ओलीले लिनुपर्ने बताएका छन्।

आइतबार भ्यु टावर उद्घाटन कार्यक्रममा बोल्दै नगर प्रमुख थापाले केही महिनाअघि नै टावरको उद्घाटन गर्ने भनिएपनि उक्त टावर निर्माणको जस तथा अपजस प्रधानमन्त्री स्वयंले लिनुपर्ने बताएका हुन्।

प्रधानमन्त्री ओली स्वयंले शिलान्यास गरेको र उद्घाटन पनि उनले नै गरेकाले अब यसको जस तथा अपजस प्रधानमन्त्रीमै आएको बताए।

कार्यक्रममा बोल्दै थापाले भ्यु टावर निर्माणको काम भइरहँदा र सञ्चालन गर्ने तरखर भइरहँदा स्थानीय सरकारलाई नसोधिएकोमा असन्तुष्टि व्यक्त गरे। उनले भने, 'दमकमा भ्यु टावर बनेको छ। संरचना तयार भएको छ। तर स्थानीय सरकारलाई सोधिएको छैन।'

'भ्यु टावरमा कस्ता व्यवसाय सञ्चालन हुन्छन् भन्ने अहिलेसम्म टुंगो लागेको छैन । यस्तै, भ्यु

❖ बाँकी तेस्रो पृष्ठमा

मोबाइल लुट्नकै लागि बृद्धा मुर्मूको हत्या

झापा(प्रस) । मोबाइल लुट्नकै लागि झापा गाउँपालिकाका वयोबृद्धा फूलमाया मुर्मूको हत्या भएको खुलेको छ ।

शनिवार दिउँसो अन्दाजी ४.३० बजे झापा गाउँपालिका वडा न. ६ पुष्पाञ्जली टोल बस्ने ८३ वर्षीया मुर्मू घरमा एक्लै भएका बेला लुटपाट गर्ने मनसायले आएका झापा गाउँपालिका वडा न.७ बस्ने २८ वर्षीय अजय यादव र शिवसताक्षी नगरपालिका वडा न.७ वस्ने २४ वर्षीय अशोक यादवले कलको ह्याण्डिल र फरुवाले प्रहार गरी हत्या गरेका हुन् । उनीहरुले मुर्मूको घरबाट एउटा सामसुङ र अर्को कलर्स मोबाइल लुटेका थिए । दुवैले मुर्मूको टाउको र चिउडोमा प्रहार गरी हत्या गरिसकेपछि गाईवस्तुले घाँस खाने डुँडमा पराललेे छोपेर बृद्धाको शव लुकाएका थिए ।

जिल्ला प्रहरी कार्यालय झापा तथा मातहतबाट खटिएको प्रहरी टोलीले नेपाल प्रदेश प्रहरी कार्यालय केनाइन शाखा धरानबाट आएको कुकुरसहितको टोलीको सहयोगमा अनुसन्धान गर्ने क्रममा दुवैलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । उनले प्रतिवादीहरुलाई खोजतलास गर्ने क्रममा घटनास्थलबाट लुटिएको मोबाइल र एक थान साइकलसहित झापा गाउँपालिका वडा नं.७ मदरगाछबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको जानकारी दिए । पक्राउ परेका दुवैजना लागूऔषध दुर्व्यसनी भएको बताइएको छ । लागूऔषधकै लागि उनीहरुले लुटपाट गरेको हुनसक्ने स्थानीयले बताएका छन् ।

छोरी ज्वाइँको सहारामा आफ्नै घरमा बस्दै आएकी मुर्मूले अघिल्लो दिन जग्गा बिक्री गरेकी थिइन् । लड्के भन्ने व्यक्तिले जग्गा खरिद गरेवापत एक लाख रुपैयाँ दिएका थिए । उनीहरु त्यो रकम लुट्न आएको हुनसक्ने आशंका गरिएको छ । प्रहरीले झापा गाउँपालिका वडा न.७ वस्ने २७ वर्षीय पवनलाल राजवंशी र उनका भाइ २३ वर्षीय धनलाल राजवंशीलाई पनि आवश्यक अनुसनधानको लागि नियन्त्रणमा लिएको थियो ।

कुखुराको खोरमाथि भेटियो बेवारिसे नवजात शिशु

झापा(प्रस) । मेचीनगरको निन्दा खोलाको झाडीमा नवजात शिशु फेला परेको करिव तीन सातापछि बुद्धशान्तिमा पनि बेवारिसे अबस्थामा नवजात शिशु भेटिएको छ । आइतवार दिउँसो अन्दाजी ३.३० बजे बुद्धशान्ति गाउँपालिका वडा नं. ४ धर्ममार्गस्थित किरण मगरको खाली घरमा रहेको कुखुराको खोरमाथि नवजात शिशु फेला परेको हो । दुई दिनको जस्तो देखिने जीवित नवजात शिशु (छोरी) तन्ना, सुरुवाल,भेलभेटको तौलीमा पोको पारी छोडेर गएको अबस्थामा सोही ठाउँ बस्ने ३५ वर्षीया मिना लिम्बूले घाँस काट्न जाँदा फेला पारेकी थिइन् । उनले आफ्नो घरमा ल्याएर राखेको भनी अस्थाई प्रहरी चौकी मंगलबारेमा जानकारी गराएकी थिइन् । नवजात शिशुलाई त्यस वडाका वडा अध्यक्ष शेरबहादुर राईलाई संरक्षणको लागि जिम्मा लगाई फेला पार्ने महिलाको साथमा प्रादेशिक अस्पताल भद्रपुर पठाएको र शिशुको अबस्था सामान्य रहेको जनाइएको छ ।

यसअघि गत कात्तिक २९ गते मेचीनगरको निन्दा खोलानजिकै घारीमा सालनालसहितको नवजात शिशु फेला परेको थियो । मेचीनगर ११ सृजना टोल बस्ने ३७ वर्षीया इन्दिरा प्रसाई (अधिकारी) ले मर्निङ वाक गर्ने क्रममा ती नवजात शिशुलाई फेला पारेकी थिइन् । सामान्य अबस्थाको ती शिशुलाई मेचीनगर -१० न. वडा कार्यालयमार्फत फेला पार्ने अधिकारीलाई नै संरक्षणको लागि जिम्मा दिइएकोमा पाँच दिनपछि शिशुको निधन भएको थियो ।

ट्रकको ठक्करबाट पैदलयात्रीको मृत्यु

झापा(प्रस) । विराटनगरमा ट्रकको ठक्करबाट आइतवार दिउँसो एक पैदलयात्रीको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीका अनुसार विराटनगरबाट रंगेलीतर्फ जाँदै गरेको को १ ख ३४८० नम्बरको ट्रकले विराटनगर महानगरपालिका-७ हाटखोला बसपार्कनजिकै पैदलयात्रीलाई दिउँसो ४:१० बजेतिर ठक्कर दिएको हो। बाटो क्रस गर्दै गरेका बेला ट्रकले ठक्कर दिँदा मोरङको कानेपोखरी गाउँपालिका घर भएका अन्दाजी २६ वर्षीय माने भनिने मानबहादुर लिम्बू गम्भीर घाइते भएका थिए। उपचारका लागि कोशी अस्पताल पुर्याउनसाथ दिउँसो ४:३५ बजेतिर चिकित्सकले मृत घोषित गरेको जानकारी डीएसपी जोशीले बताए। शवलाई पोस्टमार्टमका लागि कोशी अस्पतालमै राखिएको छ। दुर्घटनालगत्तै फरार भएका ट्रक चालकको खोजी भइरहेको प्रहरीले जनाएको छ। ट्रकलाई नियन्त्रणमा लिएर घटनाको अनुसन्धान सुरु गरिएको जोशीले बताए।

बिर्तामोडमा फेरि महोत्सव संचालन हुँदै

झापा(प्रस) । नेपाल तामाङ घेदुङले बिर्तामोड पर्यटन महोत्सव समापन गरेको भोलिपल्ट बिर्तामोड उद्योग वाणिज्य संघले 'बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव' आयोजना गर्ने निर्णय गरेको छ । गत मंसिर १ देखि मंसिर २२ गतेसम्म बिर्तामोड पर्यटन महोत्सव संचालन भएको थियो भने बिर्तामोड उद्योग वाणिज्य संघको आयोजनामा आगामी माघ ११ देखि २३ गतेसम्म 'बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव' गर्ने तयारी थालिएको हो ।

नेपालका घरेलु, साना, मझौला, ठूला उद्योगहरूका अतिरिक्त विदेशी वस्तु, पहाडी जिल्लाका खनिजजन्य, कृषिजन्य वस्तुहरूको प्रचार, प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले जानकारी दिए ।

बिर्तामोड उद्योग वाणिज्य संघको आइतवार बसेको बैठकले महोत्सवका लागि मूल समारोह समिति गठन गरेको छ । संघका उद्योग उपाध्यक्ष विशाल थापा संयोजक रहेको मूल समारोह समिति गठन गरिएको हो ।त्यस्तै अनुगमन समिति संयोजकमा संघकी जनसम्पर्क उपाध्यक्ष गोमा भट्टराई चयन भएकी छन् । मूल समारोह समितिले महोत्सव स्थल चयनलगायतका अन्य काम गर्ने बताइएको छ ।

महोत्सवमा नेपालसहित भारत, बंगलादेश, पाकिस्तानका प्रदर्शकहरुको सहभागिता रहने छ । त्यस्तै स्थानीय , राष्ट्रिय तथा प्रदेशका चर्चित कलाकारको दैनिक प्रस्तुति, फेशन शो, विद्यालय तथा कलाकेन्द्रको विविध सांस्कृतिक कार्यक्रम रहने छ ।

बालउद्यान क्षेत्रमा विभिन्न साहसिक तथा मनोरञ्जनात्मक खेलहरू रहने छन् । खानपान क्षेत्रमा भेज तथा ननभेज फुडकोर्टको स्टल राखिने, मिडिया सेन्टर, कन्फरेन्स हल, फ्रि वाईफाइ जोन, प्राथमिक उपचार, शौचालय, खानेपानी तथा पार्किङ, सुरक्षाको राम्रो व्यवस्थापन गरिने बताईएको छ ।

सुस्ताएको अर्थतन्त्रलाई केही हदसम्म भएपनि सुदृढ र चलायमान बनाउन यो महोत्सवले सघाउ पुग्ने महासंघका महासचिव कुशल खतिवडाले बताए । यसअघि २०७९ फागुन ५ मा बिर्तामोड उद्योग वाणिज्य संघले महोत्सव आयोजना गरेको थियो ।

सप्तकद्वारा चारजना श्रष्टा सम्मानित

बिर्तामोड(प्रस) । स्वरसम्राट नारायण गोपालको ३४ औं स्मृति दिवसका अवसरमा चारजना श्रष्टालाई सम्मान गरिएको छ । सप्तक सङ्गीत विद्यालय बिर्तामोडले शनिबार साँझ 'नारायण गोपाल स्मृति तथा स्रष्टा सम्मान कार्यक्रम २०८१' मार्फत साहित्यकार केशव आचार्य, संगीतकार विकास चौधरी, चलचित्र निर्माता एवं निर्देशक केवल तामाङ र युवा गायक अपन श्रेष्ठलाई सम्मान गरेको हो ।

कला, साहित्य, गायन तथा संगीतको क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै उनीहरुलाई कार्यक्रमकी अध्यक्ष तथा

विद्यालयकी सदस्य एवं अभिभावक गीता भट्टराई, प्रमुख अतिथि कन्काई क्याम्पस बिर्तामोडका क्याम्पस प्रमुख सुरेश चापागाईं, विद्यालयका संस्थापक अध्यक्ष एवं गुरु सरोज वत्सले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरेका थिए । कार्यक्रममा विद्यालयका विद्यार्थीहरुले नारायण गोपालद्वारा गाइएका विभिन्न एकल र सामूहिक गीतहरु प्रस्तुत गरेका थिए ।

कार्यक्रममा वाद्यवादनतर्फ किबोर्डमा ध्रुव आचार्य (दार्जीलिङ), बाँसुरीमा युवा बाँसुरीवादक प्रितम क्षेत्री (सिक्किम), अक्टोप्याडमा रवि कश्यप (अररिया, बिहार) र गितारमा सप्तकका सदस्य एवं अभिभावक तारा कार्की, तबलामा सप्तकका विद्यार्थी प्रमोद धितालले साथ दिएका थिए ।

संस्थापक संरक्षक डा.कुमार सुवेदीले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए । युवा लेखक एवं गीतकार पुरुषोत्तम ढुंगेलले सञ्चालन गरेको कार्यक्रममा विद्यालयका संस्थापक सदस्य कृष्ण अधिकारीले अतिथिहरुलाई स्वागत गरेका थिए । विसं १९९६ असोज १८ गते जन्मिएका स्वरसम्राट नारायण गोपालको विसं २०४७ मंसिर १९ गते निधन भएको थियो । प्रत्येक वर्ष मंसिर १९ गतेदेखि एक सातासम्म उनलाई स्मरण गर्दै स्मृति दिवस मनाउने गरिन्छ ।

हात्तीबाट जोगिन रातभरि गस्ती

झापा, मंसिर २३ । जङ्गल क्षेत्रबाट दिनहुँ गाउँ पस्ने जङ्गली हात्तीको हुल रोक्न झापाको शिवसताक्षीमा गस्ती गर्न थालिएको छ । हुलमा आउने जङ्गली हात्ती रोक्न शिवसताक्षी नगरपालिका वडा नं ८ ले समिति नै गठन गरेर रात्रिकालीन गस्ती शनिबारदेखि सुरु गरेको हो।

समितिको मुख्य काम हात्ती गाउँ पस्ने गौडामा बसेर गाउँलेलाई सूचना दिनु हो। हाते माइक, सिटी र आकस्मिक काममा प्रयोग गरिने साइरन बजाएर गाउँलेलाई हात्ती गाउँ पसेको सूचना दिने समितिको मुख्य कर्तव्य रहेको वडा अध्यक्ष सन्तकुमार फेउदिनले बताए । वडा नम्बर ८ को झिलझिले, थेचम्बु, बुद्धचोक, डुँडामारी र फुलबारी चोकको गौडा प्रयोग गरेर दिनहुँ जङ्गली हात्ती गाउँ पस्ने गरेका छन् ।

स्थानीयका अनुसार कुनै दिन एउटा मात्र वयस्क हात्ती गाउँ पस्छ भने कुनै दिन हुल नै बाँधिएर हात्ती गाउँ बस्ने गरेका छन्।

हात्ती गाउँ पसेपछि स्थानीयले भण्डारण गरेका अन्नपात खाइदिने, बालीनाली कुल्चिएर नष्ट गर्ने र घर भत्काउने गरेको छ ।

कतिपय स्थानीयले हात्ती पसेको थाहा पाएपछि बालबालिका चेपेर घर छोड्ने गरेका छन् । गस्ती टोलीमा अधिकांश युवा छन् । महिनौंदेखि हात्तीले शिवसताक्षी नगरका केही वडामा आतंक मचाउन थालेपछि नगरमा पहिलोपटक वडा नम्बर ८ ले रात्रिकालीन गस्ती सुरु गरेको हो। गस्ती टोली परिचालित भएपछि स्थानीयलाई ढुक्कले सुत्न वडा अध्यक्ष फेउदिनले आग्रह गरे। 'हात्ती आएको सूचना हामी तपाईंहरूलाई उपलब्ध गराउँछौं। त्यतिन्जेल ढुक्कले सुत्नुहोस्,' उनले भने । पूर्वपश्चिम राजमार्ग उत्तरको रतुवामाई वृक्षरोपण आयोजनाको जङ्गलमा दिनभरि बस्ने र रात परेपछि गाउँ पस्ने हात्तीले स्थानीय आतङ्कित बनेको नगरपालिकाकी उपप्रमुख नरमाया कार्कीले बताइन् ।

हात्तीबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि वडा नम्बर ८ ले रात्रिकालीन गस्ती सुरु गरेपछि स्थानीय हात्तीपीडितले राहत महसुस गरेका छन् ।

चारवटा समूहमा गस्ती टोली परिचालित हुन्छ। हात्ती पस्ने गौडामा गस्ती टोली बस्ने र हात्ती गाउँ पसे गाउँलेलाई सूचना प्रदान गर्ने समितिको योजना छ । वडा अध्यक्ष फेउदिनको नेतृत्वमा गठित समितिमा प्रहरी, रेडक्रसकर्मी, पत्रकार, स्थानीय बजार विकास समितिलगायतका प्रतिनिधि समेटिएका छन्।

यो समितिमा सब डिभिजन वन कार्यालयका कर्मचारी, सशस्त्र प्रहरी पनि सम्मिलित छन् । स्थानीयवासीले हात्तीलाई गाउँ पस्न नदिन संयुक्त गस्ती सुरु गरेको वडा सचिव पुष्पलाल पाण्डेले जानकारी दिए ।

जङ्गलमा आहारा नपाएपछि त्यसैका लागि हात्ती गाउँ पस्ने गरेका छन्। हात्तीको बासस्थान जङ्गल क्षेत्रमा अतिक्रमण भएका कारण आफ्नो जीवन रक्षाका लागि हात्ती गाउँ पस्ने गरेको विज्ञहरू बताउँछन् ।

झापाका टोल टोलमा 'कुलत'

झापा(प्रस) । लागूऔषध दुर्व्यसनमा फसेका युवायुवतीलाई लक्षित गरेर नेपाली चलचित्र निर्माण भएको छ ।

जनचेतनामूलक यो चलचित्र उदीयमान झापाली निर्देशक कसम खवासले निर्देशन गरेका छन्। उनको यो पहिलो चलचित्र हो। युवायुवतीलाई सुनौलो भविष्यतर्फ डोर्याउन यो चलचित्रले महत्वपूर्ण भूमिका खेलेको निर्देशक खवासले बताए । उनले भने, ' हामीले चलचित्रको नाम 'कुलत' राखेका छौं। कुलतमा फसेर आफ्नो भविष्य बर्बाद बनाइरहेका युवा पुस्तालाई लक्षित गरेर यो चलचित्र निर्माण भएको हो।'

परिवारका सबै सदस्य एकै ठाउँमा बसेर यो चलचित्र हेर्न सकिने निर्देशक खवासले जानकारी दिएका छन्। 'मेरो छोराछोरीको आचरण, व्यवहार, संगत कस्तो हुनुपर्छ भन्ने सन्देश चलचित्रले देखाएको छ' त्यसैका लागि पनि हरेक घरका बुबाआमाले यो चलचित्र हेर्न जरुरी भएको निर्देशक खवासले बताए ।

"कुलत" ले सामाजिक मुद्दा र युवा पुस्ताको जीवनमा लागूपदार्थ दुर्व्यसनले पार्ने नकारात्मक प्रभावलाई मुख्य विषयवस्तु बनाएको छ। यस चलचित्रले कुलतको असर, परिवारमा पर्ने प्रभाव, समाजको दृष्टिकोण र यसबाट उम्किन प्रयास गर्ने पात्रहरूको कथा कुलतमा छ । चलचित्रमा मुख्यतः समाज सुधारको सन्देश छ । जसले युवाहरूलाई कुलतबाट टाढा रहन प्रेरित गर्दछ। यस प्रकारका चलचित्रहरूले मनोरञ्जन मात्र होइन, सामाजिक चेतना फैलाउने उद्देश्य पनि राखेको निर्देशक खवासले बताए ।

झापाको बिर्तामोडस्थित पाथिभरा सिने प्लाजामा यो चलचित्र रिलिज भएको थियो। त्यसपछि लक्षित भूगोलमा प्रिमियर शो भइरहेको निर्देशक खवासले बताएका छन्।

दुई घण्टा लामो यो चलचित्रमा लागूऔषध प्रयोगकर्ता, अवैध व्यवसाय गर्ने व्यवसायी, कुलतमा फसेका बुबाआमाको कथावस्तु समेटिएको छ। लागूऔषध प्रयोगकर्ताहरूले कसरी यो अवैध व्यवसाय गरिरहेका छन् भन्ने कुरा चलचित्रले देखाएको छ।

५० लाख रुपैयाँ लागतको यो चलचित्र कुमारी लिम्बू खवास, मानबहादुर साँवा, मोहन फोम्बूले निर्माण गरेका हुन् । रेगन प्रसाईको द्वन्द्व, नरेश चौधरीले छायाङ्कन र तिलक रिजालले सम्पादन गरेको कुलतमा रिसछैन राईको पटकथा छ।

चलचित्र कुलतमा ज्ञानु श्रेष्ठ, सुगम नेम्बाङ र निकी बिक मुख्य भूमिकामा छन् । शिवसताक्षीस्थित डुडामारी बजारमा पहिलोपटक कुलतको प्रिमियम शो भएको थियो । एकैपटक करिब ५सय स्थानीयले यो चलचित्र हेरेको यसका निर्माताले बताएका छन्। मंसिर २५ देखि इलामको माई नगरपालिकाभरि यो चलचित्र प्रदर्शन गरिने निर्माता कुमारी लिम्बूले जानकारी दिइन् ।

शिवसताक्षी नगरपालिका वडा नं ८ का वडाध्यक्ष सन्तकुमार फेउदेनले समयसापेक्ष र युवालक्षित चलचित्र निर्माण भएको आफूले पाएको बताए । कुलतले पछिल्लो समय समाजलाई निकै प्रभाव पारिरहेको छ । यो चलचित्र हेरेपछि समाजमा सकारात्मक सन्देश आउने वडा अध्यक्ष फेउदेनले बताए ।

ऋण काढेर संस्कृति जोगाउँदै आदिवासी राजवंशीहरु

झापा(प्रस) । हरेक क्षेत्रमा पछि परेका पूर्वी तराईका भूमिपुत्र राजवंशी जातिलाई संस्कार संस्कृति जोगाउनै गाह्रो भएको छ ।

भूमिपतिबाट भूमिहीन बन्दै गएका उनीहरुलाई आर्थिक अभावमा संस्कार संस्कृतिसंगै अस्तित्व जोगाउन समस्या भएको हो । राजवंशी समाज विकास समिति झापाको वार्षिक साधारण सभामा प्रस्तुत आर्थिक प्रतिवेदनलाई हेर्दा आदिवासी राजवंशीहरुले ऋण काढेर कार्यक्रम गर्ने गरेको पाइएको छ । संस्कार संस्कृति जोगाउनका लागि राज्यबाट सहयोग नपाएपछि उनीहरुले ऋण काढेर कार्यक्रम गरेका हुन् ।

शनिवार भद्रपुरमा आयोजित राजवंशी समाज विकास समितिको वार्षिक साधारण सभामा कोषाध्यक्ष बसन्ती राजवंशीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै २०८० सालमा विभिन्न कार्यक्रम गर्दा जिल्ला अध्यक्ष उत्तमकुमार राजवंशीले १ लाख ३४ हजार ८१७ र सचिव सोहनलाल राजवंशीले ६ हजार १५० रुपैयाँ गोजीबाट खर्च गरेको जानकारी दिइन् । त्यस्तै ८१ हजार ८७२ रुपैयाँ नोक्सान लागेको प्रतिवेदनमा उल्लेख छ । राजवंशी समाज विकास समितिले सिरुवा कार्यक्रम , भाक्का दिवस ,चिलाराय दिवस,कवड्डी खेलाडी सम्मान, दधिकाद कार्यक्रम , प्रदेशका राज्यमन्त्री भूमिप्रसाद राजवंशीलाई सम्मानलगायतका कार्यक्रम गरेको थियो ।

जातीय उत्थानका लागि सबै आदिवासी जातजातिले जातीय संस्था खोलेका छन् । पछाडि परेका प्रायः सबै जातिका जातीय संस्थाहरु आर्थिक अभावकै कारण निश्क्रिय छन् । 'संस्था खोलेपछि कार्यक्रम गर्नैपर्यो, आर्थिक सहयोग खासै पाइदैन' राजवंशी समाज विकास समिति झापाका सचिव सोहनलाल राजवंशीले भने,'ऋण नखोजी उपाय नै छैन ।'

राजवंशी समाज विकास समितिका जिल्ला अध्यक्ष उत्तमकुमार राजवंशीको अध्यक्षता तथा केन्द्रीय अध्यक्ष सुवन्त राजवंशीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा भद्रपुर ४ का वडाध्यक्ष हंशधर राजवंशी , राजवंशी समाज विकास समिति गौरीगञ्जका अध्यक्ष गोपाल राजवंशी , बिर्तामोड अध्यक्ष सिरतलाल राजवंशी ,बाह्रदशी अध्यक्ष हेम राजवंशीलगायतले बोलेका थिए । त्यस अवसरमा थाइल्यान्डमा सुन्दरी प्रतियोगिता जितेकी मनिशा राजवंशीलाई सम्मान गरिएको थियो । जिल्ला उपाध्यक्ष जितलाल राजवंशीले स्वागत गरेको कार्यक्रमको संचालन सचिव सोहनलाल राजवंशीले गरेका थिए ।

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबीदर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
1	GLI0230013265	Ranjana Poudyal	Mechinagar -7, Jhapa
2	GLI2340000268	Nishma Tamang	Miklajung -3, Panchthar
3	HLI10250000099	Obaid Raza Mikrani	Birtamod - 03, Jhapa

बचत तथा ऋण सहकारी संघ लि.
झापा
साधारणसभा सम्बन्धी सूचना

यस बचत तथा ऋण सहकारी संघ लि. झापाको १३ औं वार्षिक साधारण सभा २०८१ पौष २० गते हुने निश्चय भई जिल्लाका सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरुलाई जानकारी गराईसकिएको र यदि जानकारी नभएको खण्डमा यसै सूचनालाई आधार मानी कार्यक्रममा उपस्थित भइदिनु हुन अनुरोध गर्दछौं ।

कार्यक्रम विवरण
कार्यक्रम हुने मिति : २०८१ पौष २० गते शनिबार
स्थान : दुर्गापुरस्थित सगुन होटलको सभाहल
समय : बिहान ११ बजे

तुलाराम न्यौपाने
अध्यक्ष
बचत तथा ऋण सहकारी संघ लि.
झापा

विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापन कारोबार गरौं,
- विज्ञापनको कारोवार गर्दा दुईपक्षीय वा त्रिष्नक्षीय सम्झौता गर्ने गरौ,
- विज्ञापन कारोवारमा सञ्चारमाध्यमको बील हेरेरमात्र भुक्तानी दिने गरौं,
- विज्ञापन दिन बिज्ञापनदातालाई दवाव तथा प्रभाव नपारौं,
- विज्ञापन गरौं र आफ्नो व्यवसायको प्रवर्द्धन गरौं,
- विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

जलवायु परिवर्तनको असर

एक अध्ययनले यो ३० वर्षमा तापक्रम बढेको पाइएको छ। वार्षिक वर्षा केही मात्रामा घटेको पाइयो भने खाद्यचक्रमा कुप्रभाव पर्दा आन्तरिक र बाह्य बसाइँ सर्ने क्रम बढेको देखियो। कृषि र पशुपालनको दाँजोमा विप्रेषणको मात्रा बढ्दै गएको तथ्यले बढी निर्भरता वैदेशिक रोजगारीमा देखियो। यसले भावी दिनमा समेत नेपाल निकै ठुलो जलवायु परिवर्तनको असरको सामना गर्न तयार हुनुपर्ने सक्तेतसमेत गरेको छ।

यो अध्ययनकर्ताले नेपालको मात्र होइन, यस क्षेत्रकै जलवायु परिवर्तन असरको अध्ययन गरे। 'दक्षिण एसियाको विविध सामाजिक, सांस्कृतिक र भौगोलिक परिदृश्यमा जलवायु परिवर्तनका लागि घरपरिवारको अनुकूलन क्षमताको मूल्याक्तन' शीर्षकमा गरिएको अध्ययन सान्दर्भिक देखिएको छ। नेपालबाट दैनिक दुई तीन हजारका दरले युवकयुवती वैदेशिक रोजगारीमा गइरहेका छन्। जलवायु परिवर्तनका कारण वैदेशिक रोजगारमा जानेको संख्या बढेको भने चर्चा थिएन। नेपालमा रोजगारी अभाव भई वैदेशिक रोजगारी बाध्यता भएको भनिँदै आएको हो।नेपालको मूल पेसा कृषि क्षेत्रले ठुलो स्वरोजगारी दिँदै आएको थियो। पछिल्ला वर्षमा कृषि क्षेत्र जलवायु सक्तटका मारमा पर्न थालेसँगै समस्या आयो। कृषि उत्पादन घट्दै गइरहेको अध्ययनसमेत देखाएको छ भने लागत मूल्य भने बढेको छ। वैदेशिक रोजगारीको आकर्षणले जनशक्ति अभाव कृषि क्षेत्रले भोगिरहेको छ। कृषि जनशक्तिको तीव्र अभाव छ भने अर्मपर्म गर्ने परम्परागत सामाजिक व्यवहार पनि गाउँघरबाट बिस्तारै हराउँदै गएको छ। परिवर्तनको असर कृषि क्षेत्रमा बहुआयामिक छ। पशुपालन न्यून हुँदै जाँदा रासायनिक मलप्रति निर्भरता बढ्दो छ। यसले खेतबारीमा अम्लीयपन बढाउँदै लगेर भविष्यमा अझ जटिल समस्या आउन सक्ने छ। बालीनालीमा रोग तथा किराको सङ्क्रमणसमेत बढेको छ। गाईवस्तुको मलमा रोग किराको अतिक्रमण अति न्यून हुने पुराना पुस्ताको अनुभव उपयोगी थियो। त्यसै गरी जलवायु परिवतर्नका कारण बेमौसमी अधिक वर्षा, सुक्खा, हावाहुरी र असिनाले बालीनालीमा क्षति तीव्र रूपमा बढेको पनि पछिल्लो अध्ययनले देखाएको छ। त्यसले पनि कृषि पेसा छाड्ने क्रम बढेको देखिएको छ।

पृथ्वीको तापमान बढ्दो छ। त्यसमा विश्वका धनी औद्योगिक मुलुकबाट हुने जैविक इन्धन दोहनले विगत दुई सय वर्षमा अधिक कार्बन उत्सर्जन मूल कारण हो। नेपाल जस्ता मुलुकले त्यस हदसम्मको कार्बन उत्सर्जन गरेको छैन तर जलवायु परिवर्तनको असरको दण्ड पनि अझ बढी भोगिरहेको छ। जलवायु परिवर्तनले तापक्रम तथा वर्षाको ढाँचामा परिवर्तन, खडेरी, बाढी तथा पहिरो जस्ता विषम मौसमी घटना आवृत्ति बढेको छ। जलवायु परिवर्तनका कारण भारत तथा बङ्गलादेशमा बाढी तथा डुबानसमेत बढेको यो अध्ययनले देखाएको छ।

बिआरआईको आशा

• डा.खगेन्द्र राई

नेपाल र छिमेकी मित्रराष्ट्र चीनबिचको सम्बन्ध केवल छिमेकी मुलुकको हैसियतमा मात्र नभएर प्राचीन कालखण्डदेखि नै वैवाहिक, व्यापारिक तथा कलाकारिताको सम्बन्ध रहिआएको छ। यस सम्बन्धमा हेर्दा तिब्बती सम्राट स्रोङ्चन गम्पोसँग नेपालका लिच्छविकालीन राजा अंशुवर्माकी छोरी भृकुटीको विवाह भएको थियो। जसले गर्दा नेपाल र चीनबिचमा वैवाहिक तथा कुटुम्बेरी नाता जोडिएको देखिन्छ। मल्लकालीन राजा अभयमल्लको शासनकालमा मूर्तिकार अरनिको चीन गएर आफ्नो वास्तुकला देखाएर प्रसिद्धि कमाएका थिए। यसै गरी चीन र नेपालबिचमा सदियौँ कालदेखि व्यापारिक सम्बन्ध रहेको वर्णन प्रशस्तै पढ्न पाइन्छ। नेपाल र चीनको आपसी मैत्री सम्बन्धको इतिहास लामो भए पनि औपचारिक रूपमा सन् १९६१ अक्टोबर ५ देखि मात्र सम्बन्ध कायम भएको इतिहास पढ्न पाइन्छ।

नेपाल र चीनबिचमा भएको औपचारिक सम्बन्धदेखि नै चीन सरकारबाट नेपालको हितका निम्ति विभिन्न क्षेत्रको विकास तथा समृद्धिका लागि आर्थिक, भौतिक तथा प्राविधिक सहयोग प्रदान हुँदै आएको सर्वविदितै छ। त्यस प्रकारका सहयोगबाट स्थापित उद्योगधन्दा बचाउन र त्यसबाट फाइदा उठाउन नसक्नु नेपालको ठुलो कमजोरी हो। भृकुटी कागज कारखाना, हेटौँडा कपडा उद्योग, काठमाडौँ थापाथली-भक्तपुर सूर्यविनायक ट्रलिबस सेवा, चिनी उद्योग आदि। यस प्रकारका उद्योग तथा सेवा निरन्तर चल्न सकेको भए त्यसले दिने सन्देश सबै दातृ राष्ट्रका लागि सहयोगी हात अघि बढाउन सहायक हुन्थे।

करिब ७ वर्षदेखि चर्चा र राजनीतिक विवादकै रूपमा रहेको चीनबाट प्रस्तावित बिआरआई परियोजना अन्ततः आज आएर सम्झौतामा हस्ताक्षर भएको कुराले नयाँ आशा जगाएको छ। नेपाली राजनीतिक बेमेलका कारण स्वीकार नगरी रहेको यो योजना हालै मात्र नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको चीनको औपचारिक भ्रमणको क्रममा सम्झौतामा हस्ताक्षर हुनुलाई नयाँ आशा जगाउने सम्झौताको रूपमा लिन सकिन्छ। यो योजना केवल चीन र नेपालको मात्र सम्बन्ध जोडिने नभएर विश्वका आधाभन्दा बढी मुलुकसँगको सम्बन्ध रहने हुँदा यस योजनालाई धेरै महत्वाकांक्षी योजना मान्न सकिन्छ। यति मात्र होइन विश्वको आर्थिक, भौतिक तथा सामसिक शक्तिको १ नम्बरकै निकटमा पुगिसकेको चीनसँग यो योजनामा जोडिन पाउनु नेपालका लागि गौरवको विषय हो।

सार्वजनिक गरिएको उक्त बिआरआई सम्झौताका १० आयोजनाको सङ्क्षिप्त रूप हेर्दा पहिलो नम्बरमा टोखा-छहरे सुरुङ् मार्ग जो ३२ किमी लामो रहेको देखिन्छ। दोस्रोमा हिल्सा-सिमिकोट सडक योजना जसमा सडक कालोपत्रेदेखि पुल निर्माणका योजना छन्। तेस्रोमा किमाथाङ्का-खाँदबारी सडक र पुल निर्माण योजना रहेको पाइन्छ। जुन योजनाले विराटनगरदेखि हिले लेगुवाघाट हुँदै किमाथाङ्कासम्म जोड्ने राजमार्गको ३४५ किमी रहेकाले पूर्वका उत्तर दक्षिण भौगोलिक क्षेत्र जोड्ने सुमार्ग नै हुने देखिन्छ। चौथो योजनाअन्तर्गत जिलोङ-केरुङ र काठमाडौँ राजधानीलाई रेलमार्गद्वारा जोड्ने धेरै राम्रो योजना देख्न सकिन्छ। जुन रेलमार्ग रसुवागढीदेखि काठमाडौँको ७२ किमीभन्दा लामो दुरी रेलमार्गद्वारा जोडिनाले यो योजना व्यापारिक दृष्टिले पनि धेरै महत्वको हुने छ।

पाँचौँ योजना अन्तर्गत अमरगढी सिठी हल प्रोजेक्ट रहेको देखिन्छ। जुन योजनाले सरकारको १० स्मार्ट सिटीअन्तर्गत अमरगढीको राम्रो उन्नति हुने देखिन्छ। यसै गरी, छैटौँ योजनामा जिलुङ-रसुवागढी-चिलिमे २२० केभी प्रसारण लाइन रहेकाले ती क्षेत्रको उन्नतिमा समृद्धिको मार्ग निर्माण हुने देखिन्छ। सातौँ परियोजनामा मदन भण्डारी प्राविधिक विश्वविद्यालय रहेको पाइन्छ। यस परियोजनाबाट प्राविधिक शिक्षा अध्ययन अनुसन्धानमा ठुलो टेवा पुग्ने आशा छ। आठौँ योजनामा काठमाडौँ साइन्टिफिक सेन्टर र साइन्स म्युजियम छ। यसबारे विस्तृत विवरण नआए पनि यसबाट विभिन्न वैज्ञानिक अध्ययन अनुसन्धानमा सघाउ पुऱ्याउने भरोसाका रूपमा लिन सकिन्छ। सम्झौताको ९ औँ परियोजनाअन्तर्गत चीन-नेपाल औद्योगिक पार्क दमक परेको छ। जसअन्तर्गत दमक नगरपालिका १०, कमल गापा ७ र गौरादह नरपालिका ५ समेतलाई समेटेर ठुलो आर्थिक लगानीमा औद्योगिक पार्क निर्माण गरिने भएकाले यसबाट औद्योगिक विकासको क्षेत्रमा नयाँ आयामको विकास हुने आधारशीला बन्ने आशा तथा अपेक्षा छ। दशौँ परियोजना अन्तर्गत झापा स्पोर्ट्स एन्ड एथलेटिक्स कम्प्लेक्स रहेको देखिन्छ। यस परियोजनाबाट खेलकुद क्षेत्रको विकास र विस्तारका लागि यो एक कोसेढुङ्गा साबित हुने छ।

सम्झौता अनुसारका यी योजनाले देशको समृद्धिका लागि मूल आधारशीला खडा हुने आशा छ। यति मात्र नभएर अझ बढीभन्दा बढीले योजना लिएर देशलाई उद्योगमयसमेत बनाउन आवश्यक छ। विगतको समयमा पनि मित्रराष्ट्र चीनकै सहयोगमा धेरै औद्योगिक क्षेत्रमा सहयोग लिएर विभिन्न उद्योगधन्दा सञ्चालन भएका थिए। यति मात्र होइन आजको विश्वमा आर्थिक, औद्योगिक तथा सामरिक क्षेत्रको शिखरमा पुगेको चीनसँगको सम्बन्ध बढाएर ऊसँग साझेदारी गरेर अघि बढ्न पाउनु हाम्रा लागि गौरवको विषय हो। तसर्थ चीनसँग पाइने कुनै पनि सहयोगलाई राजनीतिक, सामाजिक वा अन्य प्रभावको आधारमा अस्वीकार गर्ने जस्ता भूल हामीबाट कदापि हुनु हुँदैन किनकि चीन भनेको नजिकको छिमेकी मात्र होइन संसारकै दोस्रो ठुलो अर्थतन्त्र भएको मुलुक हो।

मित्रराष्ट्र चीनबाट नेपालको हित तथा समृद्धिका लागि विभिन्न क्षेत्रमा पहिलेको समयमा पनि सहयोग हुँदै आएको छ। नेपालले त्यसको सही सदुपयोग गर्न नसक्नु हाम्रै कमजोर हो। अब विगतको गल्ती कमजोरी सुधारेर हरेक सहयोगबाट होस् वा ऋणबाट सञ्चालित विकासका योजनालाई दिगो र स्थायी रूपमा कार्यान्वयन गरेर अधिकतम फाइदा लिन सक्नु पर्छ। विगत र वर्तमानको सरकारी कमजोरी कायम रहने हो भने कसैको विश्वास र भरोसा पनि रहने छैन। हामी सानो मुलुकको नाताले सबैको साथ र सहयोग लिने दिशामा अघि बढ्नु पर्छ। दक्षिणको मूल्यमा उत्तर चिढाउने र उत्तरको मूल्यमा दक्षिण चिढाउने काम हामीले कदापि गर्नु हुन्न। हामी त दुई ठुला छिमेकीबाट सक्दो सहयोग लिएर मुलुक निर्माणमा अग्रसर हुनु पर्छ। छिमेकी मित्रराष्ट्रका सहयोगी हातलाई ससम्मान स्वागत गर्नु पर्छ नकि बन्द गर्ने वातावरण निर्माण। अनि मात्र समृद्धिको सपना साकार पार्न सकिने छ।

दरिलो शिक्षानीति नहुँदा अन्योल

• डा.श्री राम न्यौपाने



करिब ५० वर्षसम्म तदर्थवादमा अल्झिएको नेपालको शिक्षा ऐनलाई गणतान्त्रिक संघीय ढाँचामा बदल्न नौ वर्षपछि विद्यालय शिक्षा विधेयक सरकारले संसद्मा दर्ता गरेको पनि १५ महिना भइसकेको छ। यसबारे शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि र पूर्वाधार विकास समितिमा छलफलै हुन पाएको छैन। विज्ञ तथा माननीयहरूले यसबारे विभिन्न टिप्पणी, विरोध वा आलोचना गरिरहेकै छन्। कोही आफूले ल्याउन नपाएको कुण्ठा पोख्दै सरकारले आफूसँग सल्लाह नगरेको र संविधानविरुद्ध भएको आरोप लगाउँदै छन्। त्यही विवादलाई सरकारले ढिलाइको कारण बनाएको आरोप पनि लगाइएको छ। पुसमा सुरु हुने हिउँदे अधिवेशनले संसद्मा विचाराधीन १५ विधेयकमध्ये विद्यालय शिक्षा विधेयक पारित गर्नुपर्ने टड्कारो आवश्यकता छ।

माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने र स्थानीय तहको मातहतमा रहने स्पष्ट व्यवस्था वर्तमान संविधानले गरिसकेको छ। केही पालिकाले यसको कानुन बनाउन थालेका छन्। स्थानीय सरकारले शिक्षक दरबन्दी, नियुक्ति, सरुवा वा बरखास्तको अधिकार पाएको त छ तर उक्त अधिकारको प्रभावकारी कार्यान्वयनमा धेरै बाधा उत्पन्न भएका छन्। शिक्षक, अभिभावक र सरकार तिनतिर फर्किएका छन्। पहिलेको जस्तो जिल्ला शिक्षालाई ब्युँताएर पालिकाको अधिकार खोस्नु पर्छ भन्ने शिक्षक, शिक्षालाई दलीयकरणबाट मुक्त गरे मात्र सुधार आउँछ भन्ने अभिभावकको भनाइ रहेकाले के गर्दा उत्तम हुन्छ भन्ने सोचेर सरकारले राष्ट्रिय सहमतिसहित विचाराधीन विधेयक पारित गर्ने दिशामा अघि बढ्नु पर्छ।

शिक्षा धेरै विशाल, संवेदनशील र अटिल क्षेत्र हो। दरिलो शिक्षानीति र कार्यक्रम स्थापित गर्न सके युवा पलायन रोक्न सहायकसिद्ध हुने थियो। सहमतिको वातावरण निर्माणमा विश्वासिलो आधार भने निर्माण हुन अझै सकेको छैन। शिक्षक महासंघको संयुक्त आन्दोलन र गरिएको ६ बुँदे सम्झौताले पनि सरकार दबाबमा छ। साथै शिक्षाविद्का टिप्पणी पनि सुन्नै पर्ने खालका छन्। यस परिस्थितिलाई सुल्झाउन यी कदम चाल्नुपर्ने देखिन्छ ?

शैक्षिक समन्वयको खोजी

विकेन्द्रीकृत कार्यक्रमको भावना अनुसार पालिकाले पाएका अधिकारलाई कटौती नगरी जिल्लाले शैक्षिक समन्वयकारी भूमिका खेल्न सक्छ। शिक्षासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने अधिकार जिल्लालाई दिन सकिन्छ। शिक्षामा दक्षता, विज्ञता, कौशल, प्रविधि, सिप आदि थुप्रै प्राज्ञिक पूर्वाधारको आवश्यकता पर्छ। हाम्रा शिक्षकलाई अभिमुखीकरणका युगीन खुराक दिन नसक्दा पाठ्यक्रम, अध्यापन र सिकाइ कोरा, अव्यावहारिक तथा बेरोजगारमूलक भइरहेका छन्। हाम्रा जनशक्ति विश्व बजारमा बिक्ने तर स्वदेशमा मिल्कने स्थिति छ। यसलाई रोक्न जिल्लाको समन्वयकारी भूमिका अपरिहार्य हुन्छ। जिल्ला माताहतमा विभिन्न विषयविज्ञ एकाइ, आयोग वा समिति गठन गरी अनुसन्धान र परीक्षणका कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ। पालिका र विद्यालयका अपुग प्राज्ञिक क्षमताको परिपूर्ति यसले गर्छ। पालिकाको सिफारिस र मूल्याङ्कन अनिवार्य बनाई कार्यदक्षता, सिकाइ उपलब्धि, शैक्षिक कार्यक्रम तथा अनुगमनमा जिल्लाले समन्वयकारी भूमिका खेल्न सक्छ। शैक्षिक कार्ययोजना, कार्यान्वयन र मूल्याङ्कनको सबै भारी पालिकालाई बोकाउनु पनि हुन्न। सबै पालिकाले आफ्ना स्तरीय पाठ्यक्रम र पाठ्यपुस्तक दिन पनि सक्दैनन्। शिक्षकले पेसाप्रति न्याय गरे नगरेको मूल्याङ्कन गर्ने आधार विद्यार्थी, अभिभावक र नतिजा नै हुन्। पालिकाले यसैलाई आधार बनाउनु पर्छ। सजाय र बर्खास्तसम्बन्धी कानुनी फैसला जिल्ला र उच्च अदालतलाई दिन सकिन्छ। स्थानीय र जिल्लाको विवादमा नअल्झिएर अधिकारको विकेन्द्रीकरण र गुणात्मक उपलब्धितर्फ लाग्ने गरी विधेयकको नीतिगत बहस गर्नु नै वर्तमान संसद्को लक्ष्य बन्नु पर्छ।

शिक्षकमा जवाफदेहिताको विकास

विधेयकमाथिको अहिलेको प्रारम्भिक बहस सुन्दा सरकारी विधेयकको विरोध गर्ने पर्छ भन्ने मनोविज्ञान प्रकट भएको देखिन्छ। त्यहाँ पुनर्लेखनका कुरा उठेका छन्, फिर्ता गर्नुपर्ने आवाज सुनिएको छ, कमजोरीको चाङ देखाइएको छ। यसमा थुप्रै संशोधन दर्ता भएका छन्। तिनमा केहीले सकारात्मक सुधारको सङ्केत पनि गरेको पाइन्छ। कसैले शिक्षकले आफ्ना सन्तानलाई सामुदायिकमा पढाउनै पर्ने र राजनीति गर्न नपाउने तर्क गरेका छन् भने कसैले संस्थाको नाम विदेशी भयो भन्ने गुनासो पोखेका छन्। कोही शिक्षामा व्यापारीकरण र निजीकरण चुलियो भन्दै आएका छन्। विडम्बना तिनले शिक्षकलाई कसरी जवाफदेही बनाउने, नैतिक चरित्रवान् राख्ने, सिकाइमा केन्द्रित गराउने, सेवासुविधाको सुधार गर्ने भन्ने विषयमा बोलेकै छैनन्। यसमा राजनीतिक आस्था, पेसागत हक र वैयक्तिक स्वतन्त्रतालाई कुण्ठित पार्ने गरी कुनै संशोधन आउनु हुँदैन। यसो भन्नु पार्टीका कार्यकर्ता बन्न दिनु भनेको होइन। दलका समितिमा बसे नबसेको अनुगमन हुनु पर्छ। यति सामान्य कुरामा कोही पनि उफ्रनुहुन्न। 'केटाकेटी आए, गुलेली चलाए, मट्याङ्गाको सत्यानास' भने जस्तो शिक्षक र राजनीतिबारेको बहसमा अमूल्य संसदीय समय खेर नफालौँ। शिक्षकलाई जिम्मेवार र शिक्षण पेसालाई मर्यादित र आकर्षक बनाउने कामप्रति सोचौँ। रचनात्मक, सिर्जनात्मक र बौद्धिक समाधान खोजौँ।

द्वैध शिक्षाको अन्त्य

अहिले राज्यले दुईथरी शिक्षा दिइरहेको छ र उत्पादनको स्तर अमिल्दो छ। यहाँ शिक्षक, विद्यार्थी, अभिभावक र राजनीतिकर्मी पनि दुईथरी नै छन्। विभेद, बेथिति र शोषणका अनेक आयाम छन् तर उदार अर्थव्यवस्थाले राज्यका धेरै क्षेत्रमा जस्तै शिक्षामा पनि निजीलाई आकर्षित गर्दै आएको छ। यसले शैक्षिक उपलब्धि हासिल गर्न राज्यलाई निर्णायक सहयोग गरिरहेको छ। यसले सामुदायिकको नतिजालाई उछिनेको छ। सरकारले लगाएको कर तिर्नु, नियमावली अनुसार चल्नु, अभिभावकप्रति जवाफदेही रहनु र युगानुकूल रूपान्तरित हुनु निजीका पहिचान हुन्। शुल्कका केही विवाद उठेका र सरकारी अनुगमन नपुग्दा लापरबाही भएका केही कमजोरी छन्। यसलाई निजी विद्यालयले सुधार्दै जानु पर्छ। देशको ठुलो बजेटको हिस्सा सामुदायिकमा खर्चिए पनि समाज किन निजीतर्फ आकर्षित छ भन्नेबारेमा बहस हुनु पर्छ।

यति भएर पनि आज द्वैध शिक्षाको खाडल गहिरिएको छ। माध्यमिक तहसम्म निःशुल्क गरी राज्यलाई समाजवादतर्फ डोऱ्याउने असल मनसाय सरकारले लिएकै छ। यो लक्षमा पुग्न केही विकल्पमाथि छलफल चलाउनै पर्छ। पहिलो विकल्प निजीलाई समय दिएर अनिवार्य गुठीमा लैजाने हो तर यसका केही सर्त हुन्छन्। सर्वप्रथम गुठी सरकारी स्वामित्व मिश्रित, संरक्षित र पोषित हुनु पर्छ। निजीहरूको भौतिक तथा बौद्धिक सम्पत्तिको उचित मूल्याङ्कन हुनु पर्छ। तब मात्र मर्जरमा गएर वा आफ्नै पूर्वाधारको विकास गरेर मुनाफारहित कार्यसम्पादनमा निजीहरू जुट्न तयार हुने छन्। दोस्रो विकल्प भनेको निजीको पूर्ण सरकारीकरण हो। यसमा मूल्याङ्कनको चित्तबुझ्दो आधार तयार पार्नु पर्छ। राज्यलाई आर्थिक भार नपर्ने गरी तिनको सम्पत्तिलाई कृषि, उद्योग, पर्यटन जस्ता विभिन्न उत्पादनमूलक क्षेत्रमा स्थानान्तरणसम्बन्धी कार्यविधि बनाउन सकिन्छ। उद्यमीलाई उद्यमी नै बन्न प्रोत्साहित गर्ने नीति सरकारले बनाइदिएमा कोही विवाद गरेर बस्ने छैन।

द्वैधता अन्त्यको अर्को विकल्प भनेको सामुदायिकको क्षमता र दक्षता अभिवृद्धि हो। नीतिगत रूपमै मौजुदा शिक्षकको सेवा अवधि घटाउने, विज्ञसहितको सेवा आयोगबाट निष्पक्ष रूपमा दक्ष शिक्षकलाई नियुक्त गर्ने र सर्वोच्च सेवासुविधा प्रदान गरी यस क्षेत्रमा आकर्षण बढाउने कार्ययोजनातर्फ छलफल अघि बढ्नु पर्छ। सेवामा कसिलो र सुविधामा उदार नीति नअपनाएसम्म यस पेसाप्रति प्रतिभाशाली युवा आकर्षित हुने छैनन्। पेसाप्रतिको असन्तुष्टि, असुरक्षा र अन्योल हट्नु पर्छ। यसरी शिक्षकका जायज मागको सम्बोधन अनि प्रभावकारी व्यवस्थापन र अनुगमन भए सामुदायिकको नतिजा उचालिने निश्चित छ। यसरी सामुदायिकलाई निजीसँग प्रतिस्पर्धी बनाएर सँगै लैजान पनि सकिन्छ।

चौथो विकल्प भनेको आधारभूत र उच्च शिक्षामा निजीलाई पनि साथ लिने तर माध्यमिक तह राज्यले मात्र सञ्चालन गर्ने हो। निजीबाट आधारभूत तहका बालबालिकामा चारित्रिक, शारीरिक तथा बौद्धिक विकासमा टेवा पुग्न सक्छ। विश्वका विकसित मुलुकमा सात/आठ वर्षसम्म तिनलाई घरेलु वातावरण दिने, पढाइको बोझ नदिने र व्यावहारिक तथा भाषिक ज्ञानको विकास गराउने चलन छ। हामीले पनि यो काममा निजीको सहयोग लिन सक्छौँ। किशोरावस्था र युवाको शिक्षा राज्यले मात्र जिम्मा लिनु पर्छ। उच्च शिक्षामा भने विविध विषय छान्न पाउने अधिकारलाई राज्यले कुण्ठित गर्न हुँदैन। आफैँले त्यस्तो सबै सुविधा दिन नसक्दा विदेश पलायन बढ्न सक्छ। विधेयकमा यिनै विकल्पको सैद्धान्तिक बहस होस्। संसद्ले आफ्नो सुझबुझ, उदारता, दक्षता, योग्यता र गरिमा कायम गर्दै यसै अधिवेशनबाट विद्यालय शिक्षा विधेक पारित गर्नु पर्छ र दीर्घकालीन समाधान दिनु पर्छ।

पचासी हजार जनाले लिए स्वास्थ्य सेवा

झापा(प्रस) । योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गरेका करिब ८५ हजार योगदानकर्ताले कोषको योजनामा आबद्ध ९० वटा अस्पतालबाट स्वास्थ्य सेवा लिएका छन् । कोषका अनुसार औपचारिक, अनौपचारिक र स्वरोजगारतर्फका पाँच लाख ४६ हजार ७६४ योगदानकर्तामध्ये ८४ हजार ९०२ जना योगदानकर्ताले ती अस्पतालबाट स्वास्थ्य सेवा लिएका हुन् ।

कोषका अनुसार स्वास्थ्य सेवा लिएबापत एक अर्ब ९२ करोड ६१ लाख रुपियाँ दाबी गरेकोमा एक अर्ब ५० करोड ३८ लाख रुपियाँ भुक्तानी भएको छ । कोषले तोकेका अस्पतालमा उपचार गराउँदा मात्रै योगदानकर्ताको उपचारबापतको खर्च बेहोर्ने व्यवस्था छ । कोषले गत फागुन १ गतेदेखि कोषसँग सम्झौता गरेका अस्पतालमा मात्रै योगदानकर्ताले औषधोपचारबापतको रकम दाबी गर्न पाउने व्यवस्था लागु गरेको हो । यसअघि भने सामाजिक सुरक्षा कोषमा योगदान गरेका योगदानकर्ताले जुनसुकै अस्पतालमा उपचार गराउँदाको खर्च कोषले उपलब्ध गराउँदै आएको थियो ।

कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले कोषसँग सम्झौता गरेका अस्पतालबाट मात्रै योगदानकर्ताले स्वास्थ्य उपचारबापतको रकम दाबी गर्ने गरेको जानकारी दिए । उनका अनुसार तोकेका अस्पतालमध्ये सबैभन्दा धेरै बागमती प्रदेशमा ३६ वटा छन् भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा दुई वटा छन् । कर्णाली प्रदेशमा त अहिलेसम्म अस्पताल तोकिएको छैन ।

योगदानकर्ताले सामाजिक सुरक्षा परिचयपत्र देखाएर अस्पतालमा उपचार गराउँदाको खर्च सामाजिक सुरक्षा कोषले सिधै अस्पताललाई तिरिदिने प्रावधान छ । कोषमा कम्तीमा तीन महिना नियमित योगदान गरेपछि औषधीउपचार सुविधा पाइन्छ । यसअन्तर्गत वार्षिक एक लाख रुपियाँसम्मको औषधीउपचार सुविधा व्यवस्था छ ।

कम्तीमा तीन महिना नियमित योगदान गरेका योगदानकर्ता र निजको दम्पतीलाई ओपिडी (अस्पताल भर्ना नभई) सेवाको वार्षिक २० हजारसम्मको शोधभर्ना कोषले गर्छ । त्यस्तै योगदानकर्ता र निजको दम्पतीलाई आइपिडी सेवा (अस्पतालमा भर्ना भएर उपचार गराउँदा) वार्षिक ८० हजार रुपियाँसम्मको शोधभर्ना कोषले उपलब्ध गराउँछ ।

दुई वर्ष योगदान गरेका योगदानकर्तालाई घातक रोग लागेमा १० लाख रुपियाँसम्म कोषले उपलब्ध गराउँछ । कोषले विभिन्न योजनाको दाबी भुक्तानीका लागि समयसीमा तोकेको छ । जस अनुसार अस्पताल भर्ना नभई गरिने (ओपिडी) उपचारको ९० दिनभित्र, भर्ना भई उपचार गराएकाले डिस्चार्ज भएको ९० दिनभित्र र दुर्घटनाका हकमा उपचार गराएको वा डिस्चार्ज भएको ९० दिनभित्र दाबी गरिसक्नुपर्ने छ ।

मातृत्व हेरचाह भत्ता शिशु जन्मेको ९० दिनभित्र दाबी गर्नुपर्ने छ भने मातृत्व बिदा भत्ता र बिरामी बिदा भत्ता बिरामी भएको अथवा डिस्चार्ज भएको १२० दिनभित्र दाबी गरिसक्नुपर्ने उल्लेख छ । सरकारले २०७६ साउन १ गतेदखि सुरु गरेको सामाजिक सुरक्षा कोषमा १९ हजार ८२ ९ रोजगारदाता प्रतिष्ठान आबद्ध भएका छन् । ती प्रतिष्ठानमा काम गर्ने पाँच लाख ४६ हजार ७६४ श्रमिक तथा कर्मचारी सूचीकृत छन् ।

हिउँदलाई भारतबाट ६ सय मेगावाट बिजुली ल्याइँदै

झापा(प्रस) । नेपालले हिउँदयामका लागि भारतबाट ६ सय मेगावाट बिजुली आयात गर्ने भएको छ । भारतले आगामी जुनसम्म बिजुली आयात गर्न नेपाललाई अनुमति दिएको हो । करिब १५ दिनअघि बिजुली आयात गर्न भारतले अनुमति दिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

पछिल्लो समय भारतले २०२४ जुनसम्म मात्रै बिजुली आयात गर्ने अनुमति दिएको थियो । यस पटक पनि प्राधिकरणले करिब ४ महिनाअघि नै अनुमति नवीकरण गर्न भारतलाई पत्राचार गरेको थियो । तर अनुमति नवीकरण गरिदिएको थिएन । हिउँद सुरु भएपछि खोला तथा नदीमा पानीको बहाव घटेर जलविद्युत् उत्पादन कम हुने भएकाले आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात गरिँदै आएको छ । बर्खायाममा भारत र बंगलादेशलाई बिजुली बेच्ने नेपालले हिउँदमा भने भारतमै भर पर्नुपर्ने अवस्था छ । जलाशययुक्त आयोजना नभएकाले हिउँदमा अझै केही वर्ष भारतकै भर पर्नुपर्ने प्राधिकरणले जनाएको छ ।

हरेक वर्ष अपुग बिजुली भारतबाट आयात गर्न भारत र नेपालबीच छुट्टाछुट्टै सम्झौता भएको छ । त्यसमध्ये भारतको प्रतिस्पर्धी बजारबाट ल्याइने बिजुलीको सम्झौता प्रत्येक वर्ष नवीकरण गर्नुपर्छ । करिब १५ दिनअघि नै भारतबाट बिजुली आयात गर्न अनुमति नवीकरण गरिदिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए ।

'हिउँदभर बिजुली आयात गर्न पाउने गरी भारतले करिब १५ दिनअघि नवीकरण गरिदिएको छ,' उनले भने, 'भारतले पिकआवरमा बिजुली आयात गर्ने अनुमति दिएको छैन, दिउँसो र राति १० बजेपछि मात्रै दिएको छ ।'

भारतले आगामी मार्च १५ सम्म २० घण्टा बिजुली आयात गर्न अनुमति दिएको छ । 'आगामी मार्च १५ सम्म साँझ ५ देखि राति ९ बजेसम्म आयात गर्न पाइँदैन, तीबाहेक हरेक समय आयात गर्न पाउँछौं,' घिसिङले भने, 'त्यसपछि बिहान ६ देखि बेलुका ६ बजेसम्म बिजुली आयात गर्न पाउँछौं ।'

प्राधिकरणका अनुसार भारतले ४ सय केभी ढल्केबर-मुजफ्फरपुरबाट ६ सय र ३३ केभी टनकपुर प्रसारण लाइनबाट ५४ मेगावाट गरी कुल ६५४ मेगावाट बिजुली आयात गर्ने अनुमति दिएको छ ।

प्राधिकरणले १३२ केभी प्रसारण लाइनबाट समेत बिजुली आयात गर्न अनुमति मागे पनि दिइनसकेको प्राधिकरणका विद्युत् व्यापार विभागका निर्देशक राजन ढकालले बताए । 'ढल्केबर र टनकपुरबाट ६५४ मेगावाट बिजुली आयात गर्न अनुमति मागेका थियौं, त्यो पाइसक्यौं,' उनले भने, 'यसबाहेक १३२ केभी प्रसारण लाइनबाट करिब ६ सय मेगावाट बिजुली आयात गर्न अनुमति मागेका थियौं । त्यो आएको छैन ।'

यस वर्ष डिसेम्बरको मध्य वा अन्तिमदेखि अपुग हुने बिजुली आयात गर्नुपर्ने प्राधिकरणले जनाए पनि पहिलो सातादेखि नै सुरु भएको छ । अधिकतम सय मेगावाटसम्म बिजुली आयात सुरु भइसकेको ढकालले जनाए ।

रविले गरे जीवन रक्षाको माग

झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सभापति रवि लामिछानेलाई सरकारले प्रतिशोधपूर्ण व्यवहार गर्नुका साथै उनको व्यक्तिगत मानवअधिकार हनन् गरेको भन्दै मानवअधिकार आयोगमा निवेदन दिएको छ ।

पार्टीले निवेदनमार्फत लामिछानेको जीउ ज्यानको सुरक्षा तथा मानवअधिकारको रक्षा गरी न्याय प्रदान गर्न मानवअधिकार आयोगको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारकर्मी व्यक्ति तथा संघ-संस्था समक्ष अपिल गरेको हो ।

पार्टी कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीले दिएको उजुरीमा प्रहरीले अनुसन्धानका लागि भनी लामिछानेलाई लगेको दिनदेखि विभिन्न किसिमले मानसिक यातना दिनुका साथै मानवअधिकार समेत हनन् गरेकाले राज्य संयन्त्रबाट अमानवीय, अपमानजनक तथा गैरन्यायिक व्यवहार हुँदै आएकोतर्फ ध्यानाकर्षण गराएका छन् ।

मानवसेवा...

छन् । मेची उद्योग बाणिज्य संघका अध्यक्ष खेमराज प्रसाई परिवारले पनि ५१ हजार दिने घोषणा गरेका छन् ।

अर्जुनधारा नगरपालिकाका नगर प्रमुख बलदेवसिंह गोम्देनले पालिकाबाट ५ लाख र व्यक्तिगत १ लाख गरेर ६ लाख दिने घोषणा गरे । मेचीनगर-१३ का वडाध्यक्ष कृष्णराज सिग्देलले एक महिनाको तलव दिने बताए । त्यस्तै मेचीनगर नगरपालिकाले आश्रमका लागि १० लाख बजेट छुट्याएको जानकारी दिएको छ ।आश्रमका अनुसार करिव २६ लाख रुपैयाँ उठने घोषणा भएको छ ।

प्रधानमन्त्रीले...

निर्माण गर्न १ अर्ब ५६ करोड १४ लाख रुपैयाँ खर्च भएको छ । शहरी विकास मन्त्रालयको नेतृत्वमा निर्माण सम्पन्न गरिएको टावरलाई सञ्चालनका लागि निजी कम्पनीहरूसँग सहकार्य गरिने बताइएको छ ।

शहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलका अनुसार यो बिजनेस कम्प्लेक्स चार बिगाह १६ कट्ठा क्षेत्रफलमा बनेको छ। यस कम्प्लेक्समा ९२६ वर्ग मिटरको भुइँतलासहित १८ वटा तला रहेका छन्। यस परियोजनाको कुल लागत एक अर्ब ६३ करोड ५४ लाख रुपैयाँ रहेको छ। २०८० माघ २० गते सम्पन्न गर्नुपर्ने परियोजनाको ठेक्का चिनियाँ कम्पनी जेडसिजिआइइसी, आशिष र ओम साइराम जेभीले लिएका थिए।

'यो भ्यूटावर नभई आन्तरिक र बाह्य पर्यटकीय भित्राउने झापासहित कोशी प्रदेशकै एउटा ठूलो बिजनेस कम्प्लेक्स हो,' सचिव सिग्देलले भने, 'यस कम्प्लेक्समा व्यावसायिक, व्यापारिक, मनोरञ्जनात्मक, कर्पोरेट लगायतका भवनहरू निर्माण गरिएको छ।'

कम्प्लेक्सबाहिर बर्गैंचासहित ४० वटा चार पाङ्ग्रे र दुई सय वटा दुई पाङ्ग्रे सवारीसाधन पार्किङ गर्न सकिने उनको भनाइ छ।

सिग्देलका अनुसार टावरको व्यवस्थापनका लागि केही प्रवेश शुल्क राखिनेछ भने सञ्चालनका लागि कम्पनीलाई लिजमा ठेक्का दिन सकिने योजना छ ।

'भ्यु टावरको..

टावर निर्माण भएपनि यसको घर नक्सा दमक नगरपालिकाबाट पास भएको छैन' उनले भने ।

घर नक्सा मात्र होइन, सरकारी निकायबीचको समन्वय अभावले अझैसम्म वातावरणीय प्रभाव मूल्यांकन पनि हुन सकेको छैन ।

त्यहाँका स्थानीयले भ्यु टावर निर्माणका लागि ५ विगाह बढी जग्गा नगरपालिकालाई दिएको र सोही स्थानमा १८ तले सुविधासम्पन्न भ्यु टावर तयार गरिएको हो ।

स्थानीय सरकारसँग समन्वय नगरी संघीय सरकारले उक्त टावर निर्माण गरेकोमा स्थानीय सरकारका जनप्रतिनिधिले असन्तुष्टि जनाएका हुन्।

ओलीलाई ...

दिउँसो दमक चौकको आकाशे पुलनजिक पहिचानवादीहरुले ओलीलाई कालो झन्डा देखाउनुका साथै चर्को नारावाजी गरेका थिए । त्यसक्रममा प्रहरीले ११ जना पहिचानवादीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा एल पी पालुङवा , केदार धिमाल , मातृका धिमाल , गंगा राई शेर्मा , बिक्रम वनेम राई , याम लोरिङ्देनलगायत रहेका छन् । उनीहरुलाई इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ ।

आइतवारै बिहान ओलीलाई मेचीनगरमा राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताहरूले कालो झण्डा देखाएका थिए । मेचीनगर नगरपालिका-४ स्थित मानव सेवा आश्रममा भवनको शिलान्यास तथा उद्घाटन गर्न कार्यक्रमस्थलतर्फ जाने क्रममा प्रधानमन्त्री ओलीविरुद्ध उनीहरूले नाराजुलुस गरेका थिए । सोही क्रममा प्रहरीले एकजनालाई नियन्त्रणमा लिएको छ। पक्राउ पर्नेमा रास्वपाका क्षेत्र नम्बर ४ का सभापति शम्भु सुस्केरा रहेका छन् । प्रधानमन्त्रीलाई कालो झन्डा देखाउन राजमार्ग निस्कने रास्वपा कार्यकर्ताको योजना प्रहरीले थाहा पाएलगतै उनीहरूलाई सडकमै प्रहरीले रोक्न प्रयास गरेका थिए। सशस्त्र प्रहरी र नेपाल प्रहरीका २ जना डीएसपीसहित झन्डै ३ दर्जनबढी प्रहरीले मुख्य राजमार्ग निस्किने बाटोमै उनीहरूलाई रोकेका थिए । सोही क्रममा दुवै पक्षबीच ठेलमठेलसमेत भएको थियो । अगाडि जान रोकेपछि रास्वपाका कार्यकर्ताहरूले प्रधानमन्त्रीविरुद्ध चर्को नाराबाजी गरेका थिए ।

पार्टीसभापति रवि लामिछानेलाई विना कारण थुनामा राखेको भन्दै उनीहरूले प्रधानमन्त्री ओलीविरुद्ध नाराजुलुश गरेका हुन्। सहकारी ठगी प्रकरणमा रास्वपा सभापति लामिछाने कास्की प्रहरी हिरासतमा छन्। दुईदिने भ्रमणमा रहेका प्रधानमन्त्री ओलीले मानव सेवा आश्रममा भवनको शिलान्यास कार्यक्रमपश्चात् दमक नगरपालिका-३ स्थित डेढ अर्बभन्दा बढी लागतमा नवनिर्मित बिजनेस भ्यू टावरको उद्घाटन गरेका छन् ।

त्यस्तै सोमवार पहिलो कार्यक्रम १० बजे बेलडाँगी खानेपानीको उद्घाटन, ११ बजे गौरादह नगरपालिकाअन्तर्गत महारानी झोडा (स्कुलचौन) मा जग्गाधनी पुर्जा वितरण, दिउँसो १२:३० बजे गौरादह बजारमा ताजपुरिया समाजको भेलालाई सम्बोधन गर्दै बिर्तामोड फर्किने कार्यक्रम रहेको छ। बिर्तामोडमा दिउँसो २ बजे सिटी सेन्टरमा पार्टी कार्यकर्ता भेलालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

कोशी प्रदेशमा ४ वटा पदमार्ग निर्माणको सम्झौता

झापा(प्रस) । करिब अढाई अर्ब रुपैयाँ लगानी गरेर कोशी प्रदेशभित्र ४ वटा पदामार्ग निर्माण गर्ने सम्झौता भएको छ । पदमार्गमा आधारित 'पर्यटन विकास परियोजना'अन्तर्गत स्वीस सरकारको सहयोगमा पदमार्ग निर्माण गरिने भएको हो। पर्यटनको नयाँ सम्भावना खोजी गर्दै २ अर्ब ४५ करोड ६१ लाख खर्च गरेर निर्माण गर्न लागिएको पदमार्गले प्रदेशका विभिन्न २९ वटा स्थानीय तह छुने छ।

२०८५ साल साउनसम्ममा सम्पन्न गर्नेगरी पदमार्गमा आधारित 'पर्यटन विकास परियोजना' सञ्चालनका लागि प्रदेश सरकार र स्विस राजदूतावासबीच आइतबार सम्झौता भएको छ। मुख्यमन्त्री हिक्मतकुमार कार्कीको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर भएको हो। सम्झौतासँगै पदमार्ग निर्माणको शुभारम्भ भएको छ।

परियोजनाअन्तर्गत चियाबारी (इलाम-फिक्कल-श्रीअन्तु), फाल्गुनन्द (पिठदिम-छिन्ताप्पु-सन्दकपुर-माइपोखरी-इलाम), लालीगुराँस (लुम्लिङटार-खाँदबारी-नुम-गुफाफोखरी-वसन्तपुर-जलजले-तीनजुरे-मिल्के) र मुन्धुम (तावाभन्ज्याङ-टेम्केडाँडा-चखेवा-डालसिंगे-धोद्रे-जलजले-हाँसपोखरी-साल्पापोखरी-मयुङडाँडा-सिलिचुङचुली) पदमार्ग निर्माण

हुने प्रदेशको पर्यटन, वन तथा तथा वातावरण मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार विभिन्न जिल्लाका २ ९ वटा पालिका छुने पदमार्ग ४ हजार किलोमिटरको हुने छ। परियोजनाका लागि स्विस सरकारले १ अर्ब ३५ करोड १५ लाख, संघीय सरकारले १९ करोड ९२ लाख, कोशी प्रदेश सरकारले ४५ करोड ८७ लाख र २ ९ वटा स्थानीय तहले ४४ करोड ६७ लाख लगानी गर्नेछन्।

परियोजनाबाट १ लाख स्थानीयले प्रत्यक्ष रूपमा लाभ लिने मन्त्रालयले उल्लेख गरेको छ। पदमार्गको निर्माण तथा पुनः निर्माणका क्रममा ४ लाख दिन बराबरको रोजगारी सिर्जना गर्ने बताइएको छ। १ हजार जनालाई पर्यटन सम्बन्धी सीप विकासका लागि तालिम दिइने मन्त्रालयले जनाएको छ।

पदमार्गमा होमस्टे, लज र अन्य आतिथ्य सेवाको विकास गर्ने लक्ष्य राखिएको छ। चार वर्षको अवधिमा आन्तरिक तथा बाह्य गरेर ७८ हजार पर्यटकले पदमार्ग क्षेत्र भ्रमण गर्ने अनुमान गरिएको छ। पदमार्गहरुमा पर्यटनसँग सम्बन्धित २ हजार नयाँ रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ।

दुईपक्षीय सम्झौताका क्रममा मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेशमा विकास र समृद्धिको मुख्य आधार पर्यटन भएको बताए। पर्यटनबाट नै विकासको कायापलट गर्न सकिने र ४ वटा पदमार्ग पर्यटन क्षेत्रमा 'गेम चेन्जर' परियोजना बन्ने उनले बताए। 'प्रदेशको सामर्थ्य, पहिचान र विकास नै पर्यटन हो,' उनी भन्छन्, 'विश्वलाई चिनाउनका लागि पर्यटन क्षेत्र महत्वपूर्ण हुने छ।'

२०८२ सालालाई पर्यटन वर्ष घोषणा गरिएको बताउँदै कार्कीले पर्यटन वर्ष मनाउन पदमार्ग परियोजना महत्वपूर्ण हुने बताए। नेपालमा छिमेकी देशका १ प्रतिशत पर्यटकलाई आकर्षित गर्न सके १० वर्षमा धेरै परिवर्तन आउने उनको भनाइ छ। नकारात्मक विरोधलाई रोकेर पर्यटन क्षेत्रलाई धेरै माथि लैजान सकिने कार्कीले बताए।

कोशी प्रदेश सरकारका पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डल पदमार्ग परियोजनाले कोशी प्रदेशको पर्यटन क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने बताउँछन्। स्विस सरकारले कोशी प्रदेश सरकारलाई २०७६ सालदेखि विभिन्न परियोजनामा सहयोग गरिरहेको छ।

स्विस राजदूत डा. डेनियल म्युउल्यीले पदमार्गमार्फत आर्थिक उन्नति, रोजगारी र अवसरहरूको खोजी हुने बताइन्। उनले संघीयतालाई बलियो बनाउनका लागि स्विस सरकार नेपाल सरकारसँग हातेमालो गर्दै अघि बढेको उल्लेख गरिन्।

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष आज अधुरो र नयाँ कार्यको थालनी हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

वृष नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

मिथुन आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

कर्कट धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

सिंह आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

कन्या चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

तुला आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

वृश्चिक पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

धनु आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

मकर आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

कुम्भ मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

मिन कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।